गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०४** **संख्याः ०३** **मितिः २०८०/११/१७**

**भाग–१**

**गुराँस गाउँपालिका**

## भौतिक पुर्वाधार विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वनेको विधेयक, २०८०

गाउँसभामा पेश मिति २०८०/१०/१५
गाउँसभाबाट पारित मिति २०८०/११/११
प्रमाणीकरण मिति २०८०/११/१५

**प्रस्तावनाः** गुराँस गाउँपालिकाको भौतिक तथा वातावरणीय दृष्टिकोणले स्वच्छ सफा र सुरक्षित क्षेत्र भित्र सडक, भवन, विद्युत पूर्वाधार विकास, निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय नागरिकलाई पूर्वाधार मुलक सेवा उपलब्ध गराउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरि गुराँस  गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “पूर्वाधार सम्बन्धि ऐन,२०८०” रहनेछ ।

(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभा सम्झनु पर्छ

(च) "पूर्वाधार" भन्नाले यस ऐनको अनुसुची : १ मा उल्लेख भए बमोजिमका विषयसंग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "जलस्रोत" भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतह वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "उपभोक्ता संख्या" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समुह वा सामुदायिक संस्थालाई सम्झनु पर्दछ ।

(ड) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

## परिच्छेद-२
## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरूको वर्गीकरण र मापदण्ड** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुबिधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरूको वर्गीकरण र देहायको मापदण्ड निर्धारण गरिएको छ ।

(२) गाउँपालिका स्तरमा मुख्यतः निम्नानुसारका सडकहरू रहनेछन् ।

(क) मुख्य सडकः संघ प्रदेश, जिल्ला सदरमुकाम, अन्तरपालिका जोड्ने सडक पालिकास्तरीय हुनेछन् । यस्ता सडकहरूको चौडाई न्यूनतम रूपमा ८ मिटर कायम गरिने छ ।

(ख) ग्रामिण सडकः गाउँपालिकाका विभिन्न वस्तीहरूमा यातायातको पहुँचका लागि बनाइएका टोलबस्तिका सडकहरूलाई ग्रामिण सडकको रूपमा वर्गीकरण गरिनेछ । यस्ता सडकको चौडाइ न्युनतम ६ मिटर कायम गरिने छ ।





भौतिक पुर्वाधार विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वनेको विधेयक, २०८०

(ग) टोल वस्तिका भित्री शाखा बाटोहरु एक भन्दा बढि गाउँ वस्ती जोड्ने बाटोलाई सहायक सडक बाटोको रूपमा वर्गीकरण गरिनेछ । यसको न्युनतम चौडाई ४ मिटरको हुनेछ वा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(घ) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुल बाटो वा वस्ती सडक सम्म जोड्ने बाटोलाई गोरेटो बाटो भनिन्छ । यसको न्युनतम चौडाई २ मिटर हुनेछ ।

(३) प्रत्येक स्थानीय सडकहरूको घुम्ती तथा मोडहरूमा ठुला सवारीहरूको आवागमन समेतलाई मध्ये नजर गरी निर्धारित चौडाई ४० प्रतिशत भन्दा बढि हुनेगरी निर्माण गर्नुपर्दछ ।

४. **यातायात संचालनको मापदण्ड निर्धारण गर्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरूमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने**: (१) यस ऐन बमोजिमका सडक र पालिकाको अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति बिना कुनै प्रकारको संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काइने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नू वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन उपर खन्नू भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धीत सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) सडक निर्माणको क्रममा उत्पन्न हुने विवाद तथा विपद्को व्यवस्थापन प्रचलित ऐन बमोजिम गाउँपालिकाले गर्न सक्ने छ ।

(४) यस ऐन लागु हुनु भन्दा अगाडी नै निर्माण भएका संरचनाको हकमा प्राविधिक मुल्याकंनको आधारमा राख्ने वा हटाउने कार्यको लागि आवश्यकता अनुसार एक प्राविधिक समिति गठन गरीने छ ।

**६. सडकको आवागमनमा बाधा पुर्‍याउन नहुने:** (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनमा कुनै किसिमले बाधा पुर्‍याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधि भित्र नहटाएको वा धनी पत्ता नलागेको मालवस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

## परिच्छेद-३
## भवन निर्माण तथा सहरी विकास सम्बन्धी कार्यहरू

**७. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने :** (१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनावद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान थपघट गरी बनाउने वा सोसंग सम्बन्धीत गर्नु गराउन हुदैन । यस गुराँस गाउँपालिकाको क्षेत्र भित्र घर निर्माण गर्दा सतहि पानीको अभाव भएको स्थानमा अनिवार्य आकासे पानी संकलन ट्याङ्की निर्माण गर्नुपर्ने छ । साथै घर निमार्ण पश्चात एक घर कम्तिमा २ विरुवा लगाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र आचार संहिता तयार गर्नेछ ।

**८. भवनको दर्ता:** गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरूको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।





भौतिक पूर्वाधार विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८०

**९. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका क्षेत्र भित्र पक्कि भवन तथा भुकम्प रिहत भवन निर्माण गर्न चाहाने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिमको स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिदाँ नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) भवन निर्माण गर्दा आवसीय भवनको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, बमोजिम हुने छ ।

(३) सडक छेउमा भवन निर्माण गर्दा आबासीय भवनको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड, बमोजिमको सेटब्याक छोड्नु पर्नेछ ।

**१०. वस्ती विकासको लागि अनुमति दिने :** गाउँपालिका भित्र कुनै व्यक्ति, समुदायले जग्गालाई घडेरी प्रयोजनका लागि विकास गर्ने वा यसरी विकास गरी बिक्री गर्ने प्रयोजनबाट वस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा वस्ती विकासको विस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

## परिच्छेद-४
## पूर्वाधार योजना, निर्माण सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**११. पूर्वाधार आयोजना तर्जुमा :** (१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरूको विकासका लागि योजना तर्जुमा गरी गाउँसभाबाट पारित गर्नुपर्नेछ

(२) पूर्वाधार योजना तर्जुमाका क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरी आयोजनाको विवरण तयार गर्नुपर्नेछ :

(क) आयोजनाको लक्ष्य;
(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम,
(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र स्रोत,
(घ) उपभोक्ताहरूबाट प्राप्त हुने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,
(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च,
(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरूप,

**१२. लागत अनुमान तयार गर्नुपर्ने:** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पूर्व प्राबिधिक अध्ययन सर्वेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

**१३. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन :** (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नुपर्ने अनुसुची-१ मा उल्लेखित पूर्वाधारहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरू अबलम्बन गरिनेछ :

(क) एक लाख देखी पाँच लाख सम्मका आयोजना उपभोक्ता समितिहरू वा टोल विकास समिति मार्फत,

(ख) दश लाख सम्मका आयोजना वा कार्यक्रम कोटेसन मार्फत,

(ग) बीस लाख भन्दा भन्दा माथिका आयोजना वा कार्यक्रम बोलपत्र आव्हान गरी कार्यान्वयन,

(घ) निजि लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापनका कार्य साझेदारी मार्फत,

(ङ) सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा संशोधनमा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति तथा बोलपत्र मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

**१४. उपभोक्ता समिति, श्रम समिति वा टोल विकास समिति मार्फत गर्न सकिने :**

(१) एक लाख देखी पाँच लाख सम्मका वा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण तथा मर्मत सम्भार कार्य गराउदा सम्बन्धीत लाभान्वित परिवारका सदस्यहरूको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिनेछ ।

(२) समितिको गठन स्थानीय लाभान्वित समुदायहरू मध्यबाट पाँचदेखि नौ जना सम्मको समिति गठन गरिनेछ । यस्तो समितिमा न्युनतम ३३ प्रतिशत महिला सहभागीता गराउनुपर्नेछ ।







(३) समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुनेछ । निर्माण सकिएपछि पनि निर्माण अवधि बराबर कै बाकी समय रेखदेख र संरक्षण जिम्मेवारी समेत सोहि समितिले लिनेछ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरूको लागत सहभागीता तोकिए बमोजिम हुनेछ ।

(५) रोजगार मुलक आयोजनाको सन्दर्भमा आयोजनागत रुपमा काममा संलग्न हुने श्रमिकहरुको तीन वा पाँच सदस्यीय श्रम समिति गठन गरि काम गर्न सकिनेछ । यस्ता योजनाहरुको बजेट सिमा हुने छैन र संघ, प्रदेश र स्थानिय सरकारको बजेटलाई साझेदारी गरेर पनि गर्न सकिनेछ ।

**१५. स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने :** (१) गाउँपालिकाले दुई करोड सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका समुह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रूपमा दर्ता गर्न सक्नेछ ।

(२) स्थानीय निर्माण व्यवसायी हुन इच्छुक समुह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि यस ऐन बमोजिम गाउँपालिका कार्यालयमा आवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समुह वा व्यक्तिलाई सम्बन्धीत गाउँपालिकामा निर्माण कार्य गर्ने इजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसायी दर्ताको अभिलेख अद्यावधिक गराई राख्नुपर्नेछ । उपदफा (२) बमोजिमका स्थानीय निर्माण व्यवसायीहरूले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो तीन महिना भित्र अघिल्लो बर्षको नविकरण गराउनु पर्नेछ ।

**१६. स्थानीय निर्माण व्यवसायीबाट पूर्वाधार निर्माण गराईने :** (१) गाउँपालिकाले स्थानीय व्यवसायीहरू मार्फत पूर्वाधार विकास योजनाको काम गराउन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि आपसी प्रतिस्पर्धाका आधारमा छनौट गर्न सक्नेछ ।

(३) गाउँपालिकामा दर्ता भएका व्यवसायीहरू मध्येबाट निर्माण कार्यका लागि देहाय बमोजिमको कार्यबिधि अपनाईनेछ

(क) रीत पुर्वक गाउँपालिकाको संक्षिप्त सुचीमा स्वीकृत व्यवसायीहरू मध्येबाट सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रस्ताव माग गर्न सकिनेछ ।

(ख) प्रस्ताव माग गर्दा सम्बन्धीत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरू खुलाउन पर्ने,

(ग) न्युनतम कबुल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिन भित्र सम्झौताका लागि आब्हान गर्ने ।

(घ) छानिएका व्यवसायीले कबुल रकमको सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम बैंक ग्यारेण्टी सहित सम्झौताका लागि आउनुपर्ने ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफूले सम्पन्न गर्नुपर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसंग उपकरार गर्न सकिने छैन ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण, त्यस्तो कार्य सम्पन्न गरेको विवरणको जानकारी पैतसि दिन भित्र गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्दछ ।

(६) स्थानीय निर्माण व्यवसायी सम्बन्धि अन्य कार्य सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१७. **पूर्वाधार मर्मत सम्भार कोष** : (१) गाउँपालिका भित्र रहेका गाउँ स्तरीय पूर्वाधारहरूको नियमित तथा आवश्यकता अनुसारको मर्मत सम्भार गरी सेवा सुचारू गर्नको लागि पूर्वाधार मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी इत्यादीबाट प्राप्त रोयल्टी रकमको बीस प्रतिशत रकम दाखिला गरिनेछ ।

(३) मर्मत सम्भार कोषमा योजनाको विनियोजित बजेटबाट तीन प्रतिशत रकम कट्टा गरी जम्मा गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।





भौतिक पुर्वाधार विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८०

## परिच्छेद-५

## पूर्वाधार अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था

१८. **पूर्वाधार अनुगमन समितिको गठनः** (१) गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठुला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने योजनाहरू पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरूको गुणस्तर र समयबद्ध प्रगति अनुगमन गर्नका लागि एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) पुर्वाधार विकास समितिको संयोजक वा समिति सदस्य - सदस्य

(ग) गाउँपालिकाको सम्बन्धित विषयगत शाखा प्रमुख तथा विषय विज्ञ - सदस्य

(घ) पूर्वाधार निर्माण सम्बन्धी ज्ञान भएका विज्ञहरू तथा सम्बन्धीत वडाका महिला सदस्यहरू मध्ये समिति अध्यक्षले तोकेको एक जना महिला - सदस्य (एक भन्दा बढी वडामा कार्याक्रम सञ्चालन भएमा)

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(च) योजना शाखा प्रमुख - सदस्य सचिव

(३) गाउँ कार्यपालिकाले तोकेका अन्य योजना समेत उपदफा २ अनुसार गठन भएको समितिले अनुगमन गर्न सक्नेछ ।

(४) गुराँस गाउँपालिका अन्तर्गतका वडाहरूमा संचालन हुने योजनाको अनुगमन गर्न ३ सदस्य बडा अनुगमन समिति रहनेछ ।

(क) सम्बन्धित वडाको अध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाको अध्यक्षले तोकेको एक जना महिला सहित दुईजना - सदस्य

(ग) कार्यसँग सम्बन्धित विषय विज्ञ/प्राविधिक - सदस्य

(घ) वडा सचिव वा वडा कार्यालयले तोकेको एकजना कर्मचारी - सदस्य सचिव

१९. **समितिको बैठकको निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**२०. अनुगमन पश्चात निर्देशन दिन सक्ने**: (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायी र उपभोक्ता/श्रम/टोल विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरूको निर्माण र सञ्चालनको अवस्था बारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ।

**२१. सहमति लिनुपर्ने** : गाउँपालिका आफैले सञ्चालन गर्ने पूर्वाधारहरूको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायी र उपभोक्ता/श्रम/टोल विकास समितिले अन्तिम किस्ता भुक्तानी लिन अनुगमन समितिको सहमति लिनुपर्नेछ।

**२२. कारवाहीको सिफारिस गर्न सक्ने**: गाउँपालिका क्षेत्र भित्र निर्माण कार्य भई रहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापारवाहीका कारण निर्धारित समय भित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धीत निर्माण व्यवसायीलाई कारवाहीका लागि प्रदेश वा नेपाल सरकार तथा विकास साझेदार संघसंस्था समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

**२३. कालो सुचीमा राख्ने** : (१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भबिष्यमा निर्माण कार्य नदिने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको रायका आधारमा कालो सुचीमा राख्न सक्नेछ।

(क) कुनै फौजदारी कुसुरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणका लागि छनौट भइ सम्झौता गरेर पन्ध्रदिन सम्म काम सुरू नगरेमा,

(ग) सम्झौता अनुरूपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पार्ने कार्य गरेमा,

(च) अन्य यस्तै कुनै कसुर गरेमा।







(२) उपदफा (१) बमोजिम कालो सुचीमा राख्दा कसुरको गाम्भिर्यताको आधारमा कालो सुचीको अवधि तोक्न सकिनेछ।

**२४. प्राविधिक मुल्याङ्कन गर्नुपर्ने** : (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरूको प्राविधिक मुल्याङ्कन पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद-६

## सार्वजनिक, निजी, साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

**२५. निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने**: (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसंग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, भैतिक निर्माणसंग सम्बन्धीत संरचना वा पूर्वाधार हरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासंग साझेदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगीताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरू अबलम्बन गरी निजी साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्ने गरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ।

(क) सञ्चालन तथा व्यवस्थापनः अधिक्तम ७ वर्षका लागि,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरणः ८ देखि २० वर्षका लागि,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरणः १५ देखि २० वर्षका लागि,

(घ) लिजः सम्झौतामा तोकिए बमोजिम वा अधिकतम २५ वर्ष।

**२६. प्रस्ताव आव्हान गर्न सक्ने**: (१) गाउँपालिकाले पूर्वाधार संरचनाहरूको निर्माण वा मौजुदा संरचनाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि मनसाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहाने व्यक्ति, संस्था वा निजी व्यवसायीले साझेदारी स्वरूपको आधारमा देहायका विवरणहरू खोली प्रस्ताव पेश गर्नु पर्नेछ :

(क) निर्माण गर्नुपर्ने, सञ्चालन गर्नुपर्ने पूर्वाधारको विवरण,
(ख) अनुमानित लागत,
(ग) वित्तिय स्रोत,
(घ) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा),
(ङ) कार्यन्वयनका विवरण,
(च) परियोजना कार्यन्वयन गर्दा सम्भावित जोखिम न्युन गर्ने प्रस्तावित उपायहरू,
(छ) परियोजनाको नक्सा तथा ड्रोइड, डिजाईन,
(ज) प्रस्तावित शुल्क र करार अवधि,

२७. **प्रस्ताव छनौट र सम्झौता** : (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्वारा तपसीलका आधारहरूमा मुल्याङ्कन गराई प्रस्ताव छनोट गर्न सक्नेछ ।
(क) पूर्वाधारबाट उपलब्ध हुने सुबिधाको स्तर र गुणस्तर,
(ख) प्रस्तावित निजी लगानी,
(ग) सेवा शुल्क र रोयल्टी रकम,
(घ) लिज अवधि,
(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसर वृद्धी,

(२) उपदफा (१) मा उल्लेखित आधारहरूबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधि किटानी गरी साझेदारी सम्झौता गर्न सक्नेछ ।

२८. **सञ्चालन तथा व्यवस्थापन**: (१) सम्झौता अवधि भरि पूर्वाधार सम्झौताको सञ्चालन तथा व्यवसथापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ। सम्झौता हेरफेर गर्नु परेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एका अर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी सम्झदारीबाट बुँदाहरूमा हेरफेर हुन सक्ने छ ।

## परिच्छेद-७

## वातावरण, भू-संरक्षण, सामुदायिक विधुत तथा वैकल्पिक ऊर्जा

२९. **वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धी व्यवस्था**: (१) गाउँपालिकाले एक करोड देखि दश करोड सम्म लागत रहेका पूर्वाधार आयोजनाहरूको वातावरणीय परिक्षण र दश करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरूमा वातावरण प्रभाव मुल्याङ्कन गराउनु पर्नेछ ।







(२) आयोजनाको वातावरणीय परिक्षण र स्वीकृति गाउँपालिका तोकिए बमोजिम गर्न सकिनेछ ।
(३) वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृतिको लागि सो को प्रतिलिपि गाउँपालिकाको सार्वजनिक सुचना पाटीमा टास गरी सात दिनको म्याद सहित सुझाव माग गर्नु पर्नेछ ।

३०. **सामुदायिक विद्युतिकरण** : (१) गुराँस गाउँपालिकामा संचालित सामुदायिक विद्युतिकरण संचालन तथा व्यवस्थापनका लागि आवश्यक नियमावली बनाई लागु गर्न सकिनेछ ।
(२) उपदफा (१) बमोजिम व्यवस्था नभए सम्म सामुदायिक विद्युतिकरण व्यवस्थापन शाखामा गाउँपालकाको दरबन्दि तेरिज बमोजिमका कर्मचारी रहनेछन् ।

३१. **वैकल्पिक उर्जालाई प्रोत्साहन**: पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नु पर्नेछ ।
(१) कुनै घरमा सोलार, वायो ग्यास, सुधारिएको चुल्हो लगायतका वैकल्पिक ऊर्जा जडान गर्नु अघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।
(२) घरेलु शौचालयलाई वायो ग्यास उत्पादनमा प्रयोग गर्ने वा सेप्टी टैंक बनाउने घर धुरीलाई गाउँपालिकाले आवस्यकता हेरि विशेष सहुलियत उपलब्ध गराउन सक्ने छ ।

३२. **भू-क्षय नियन्त्रण सम्बन्धी कार्य गर्न सक्ने** : (१) गाउँपालिका भित्रको भू-क्षय ग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा बाँस, निगालो, भुइघाँस नगदे बाली (अम्लीसो, साथै अन्य हावापानी अनुसारका वोट विरुवा) तथा फलफुल जन्य वस्नपतिको रोपण गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्नेछ ।
(२) यस्तो कार्यका लागि सम्बन्धीत क्षेत्रका व्यक्ति वा समुहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सकिनेछ ।
(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवागमनमा बाधा पुऱ्याउने खालको हुनुहुदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखिएमा गाउँपालिकाले अधिकतम दश वर्षका लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुमति दिँदा सडक छेउको हकमा सम्बन्धीत संधीयारहरूलाई प्राथमिकता दिनुपर्नेछ ।

३३. **नमूना फार्म तथा उद्योग विकासका लागि पूर्वाधार निर्माण** : गाउँपालिकाले आवश्यक देखेको खण्डमा कुनै फार्म तथा उद्योग स्थापना तथा संचालनका लागि आवश्यक पुर्वाधार निर्माण गरि नियमावली बनाई संचालन गर्न सक्नेछ ।

३४. **अन्तर स्थानीय तह समन्वयः** एक भन्दा बढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँपालिका बाट अनुमोदन गराई गर्नु पर्नेछ ।

३५. **पुनरावेदन** : यस ऐन बमोजिम भएका दण्ड, जरिवाना र सजाय उपर चित नबुझेमा गाउँ कार्यपालिका, न्यायिक समिति समक्ष पुनरावेदन गर्न सकिनेछ ।

३६. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका बनाउन सक्नेछ ।

३७. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश गाउँपालिकाले छ महिना भित्र गाउँ सभाबाट अनुमोदन नगरेमा स्वत निस्क्रीय हुनेछ ।

३८. **खारेजी र बचाउ** : (१) यो ऐन लागु भए पछि गुराँस गाउँपालिकाको पुर्वाधार व्यवस्था ऐन, २०७४ खारेज हुनेछ । यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहि वमोजिम र नलेखिएका कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएका यस ऐनका दफा तथा उपदफाहरू वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछन् ।

(३) यस अघि भए गरेका काम कार्वाहि यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

**दिनेश दाहाल**

**नि.प्रमुख प्रशासकीय अधिकृत**





भौतिक पुर्वाधार विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वनेको विधेयक, २०८०

गुराँस गाउँपालिका, दैलेख